


Research Management Cell
Adarsha Multiple Campus

AMC Journal
Link : https://doi.org/10.3126/amcj.v4i1.63865

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# 'प्रिय मौनता' कवितासङ्ग्रहमा प्रयुक्त अन्तर्पाठीयताको विश्लेषण

**अमृतादेवी शर्मा** *

**सार**

*प्रस्तुत लेखमा कवि नेत्र एटमको 'प्रिय मौनता' (२०७७) कवितासङ्ग्रहमा प्रयोग भएको अन्तर्पाठीयताको विश्लेषण गरिएको छ । यस कवितासङ्ग्रहका कविताहरुमा प्रयोग भएका बाह्य पाठले कवितामा ल्याएका सघनता र विशिष्टताको खोजी गर्नु प्रस्तुत लेखको उद्देश्य हो । यस सन्दर्भमा कविताहरूको विश्लेषणका लागि उत्तरआधुनिक चिन्तन अन्तर्पाठीयतालाई सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरिएको छ । अन्तर्पाठीयताको अवधारणाले सबै साहित्यको रचना अन्य कुनै पाठको सहयोग र सहायता लिएर सिर्जित भएको हुन्छ भन्ने मान्यता राख्दछ । यस सङ्ग्रहका कविताहरुमा मानवीय जीवन र प्रेमका शाश्वत अनुभूतिका साथै मनका विभिन्न अवस्था र स्थितिलाई प्रकृति र पर्यावरणका विभिन्न सरल र सुन्दर बिम्बमार्फत सघन अभिव्यक्ति गरिएको छ । यहाँ सरल र सामान्य लाग्ने शब्दहरूमा अनुभूतिको तीव्रता र भावको सघनता भर्न नेपाली साहित्य र पाश्चात्य जगत्का विभिन्न सिर्जनाहरूमा प्रयोग भएका विषय, अनुभूति, विचार, शैली र चिन्तनलाई संशोधित, परिवर्धित र परिमार्जित गरी उपयोग गरिएको छ । यी कवितामा आत्मिक प्रेमका साथै मानवीय अस्तित्व, स्वाभिमान र स्वतन्त्रताका शाश्वत र उदात्त भावलाई जादुमयी र प्रवाहमयी तुल्याउन अग्रज लेखक, पात्र र चिन्तनसँग गहन अन्तर्क्रिया र रचनात्मक तर्क गर्नाका साथै तिनीहरूका विषय, विचार, भाव र शैलीको रचनात्मक, सिर्जनशील र मौलिक अनुसरण गरिएको छ । यस लेखमा कवितामार्फत विश्वसाहित्यका पूर्वजहरूसँग गरिएको संवादका साथै विचार, भाव र शैलीको परिष्कृत र परिमार्जित अनुसरणले सङ्गृहित कवितालाई सरल आवरणमा गहन, विशिष्ट र शक्तिशाली तुल्याएका छन् ।*

* श्री अमृतादेवी शर्मा नेपाली केन्द्रीय विभाग, त्रि.वि. मा उपप्राध्यापक हुनुहुन्छ। इमेल : amritaregmi99@gmail.com

***मुख्य शब्दावली*** *:* अन्तर्पाठ, अनुसरण, रचनात्मक अतिक्रमण, विस्तृतीकरण, सिर्जनात्मक संवाद ।

## परिचय

कवि नेत्र एटमको *प्रिय मौनता* (२०७७) कवितासङ्ग्रहका कविताहरुमा विभिन्न स्रोतका अन्तर्पाठहरूको प्रयोग गरिएको छ। अन्तर्पाठीयताको अवधारणाले कुनै पनि साहित्य अन्य कुनै पाठको सहयोग र सहायता लिएर सिर्जना भएको हुन्छ भन्ने मान्यता राख्दछ। लेखकले कृतिमा प्रस्तुत गरेका विषय, शिल्प, शैली र चिन्तन परम्पराको अनुसरण नै हो भन्ने मान्यताबाट अन्तर्पाठीयता सिद्धान्त प्रभावित रहेको छ। साहित्यिक कृतिहरूमा अभिव्यक्तिलाई बढी विस्तृत, प्रभावपरक, गहन, तीव्र र सम्प्रेषणीय तुल्याउन अन्य कृतिकार, कृतिगत सन्दर्भका साथै उनीहरूका विचार र शिल्पशैलीलाई ग्रहण गरिएको हुन्छ। कृतिका पाठभित्र प्रयोग गरिएका अन्य अग्रजका विचार, विषय र शैलीले सम्बद्ध पाठलाई बढी विशिष्ट र प्रवाहमूलक बनाएका हुन्छन्। कवितामा अनुभूतिको तीव्रता र भावको गहनता शब्दको विशिष्ट बुनाइमा संरचित भएको हुन्छ। यसमा घटना र सन्दर्भहरूको प्रत्यक्ष र अप्रत्यक्ष संयोजनको विशिष्टताका साथै कविको अभिव्यक्तिगत र शैलीगत भव्यताले सर्वाधिक महत्त्व राख्दछ। कवितामा रहेको यही विशिष्टताले नै यसको भाषा संवेगात्मक र गुरुत्वाकर्षक हुनाका साथै गणितीय, सूक्ष्म र बहुअर्थप्रदायक हुन्छ।

अन्तर्पाठीयताको अवधारणा सर्वप्रथम बुल्गेरियन फ्रेन्च दार्शनिक, साहित्य, समालोचक, भाषाशास्त्री र मनोविश्लेषक जुलिया क्रिस्तेभा (सन् १९६६) ले फर्डिनान्ड डि सस्युरको भाषिक सङ्केतको अर्थ सङ्केतक र साङ्केतिकको समग्र हो भन्ने मान्यताको प्रतिक्रियास्वरूप लेखिएको निबन्ध 'शब्द, संवाद र उपन्यास' मा प्रयोगमा ल्याएकी हुन्। यो कुनै पनि साहित्य अन्य कुनै पाठको सहयोग र सहायता लिएर सिर्जना भएको हुन्छ भन्ने मान्यता राख्ने उत्तरआधुनिक चिन्तन हो। यो कृतिमा रहेको अन्य पाठहरूको अवस्थितिको अध्ययन हो। अन्तर्पाठीयता कृतिमा रहेको अन्य पाठहरूको अवस्थितिको अध्ययन हो। कृतिमा, पाठमा वा कथनमा अन्तर्निहित र मुखरित रहेका पाठगत सम्बन्धहरूले अगाडिका, वर्तमानका र सम्भावित भविष्यका पाठहरू र यिनका सम्बन्धमार्फत पाठमा रहेको सङ्कथनको स्थितिलाई प्रतिनिधित्व गर्दछन्। अन्तर्पाठीय अनुसन्धान लेखकहरूले आफ्ना पाठमा कोरेका अन्य चरित्रहरूका बारेमा अध्ययन गर्न र धेरै पाठहरूका संसारबाट ती पाठहरूलाई कसरी र किन स्थान दिइरहेका छन् र त्यसभित्र आफूलाई कुन ठाउँमा र कसरी उभ्याएका छन् भन्नेतर्फ केन्द्रित रहेको हुन्छ। अन्तर्पाठीयता केवल अर्को पाठबाट के ल्याइएको छ भन्ने विषयको अध्ययन मात्र होइन। बरु कसरी ती पाठहरूको प्रयोग गरिएको छ, तिनलाई निर्विकल्प रूपमा किन प्रयोग गरिएको छ र लेखकले तिनीहरूका कथनलाई आफ्ना बनाउन आफैलाई कुन स्थानमा राखिरहेको छ भन्ने विषयको अध्ययन हो।

नेत्र एटम मानव जीवन र समाजका विविध विषयहरुलाई प्रकृति र पर्यावरणका सुन्दर बिम्बहरूमा उनेर गहन र तीव्र भावप्रवाहसहितका कविता सिर्जना गर्ने वर्तमानका प्रतिनिधि कवि र समालोचक हुन्। उनका कवितामा मानवीय जीवनको वास्तविक मर्म शाश्वत प्रेमको अनुभूतिमा अवस्थित

रहेको हुन्छ भन्ने विचारलाई कोमल र सुन्दर शब्दहरूमा तीव्र रागात्मक अभिव्यक्ति दिइएको छ। यी कवितामा कविविचारलाई गहन, भव्य र भावप्रवाही तुल्याउन नेपाली साहित्यका अग्रज स्रष्टाहरूका चिन्तन र शैलीका साथै पाश्चात्य साहित्यकारका चिन्तन, अनुभूति र शैलीको संशोधित, सिर्जनशील र रचनात्मक अनुसरण गरिएको छ। प्रस्तुत अध्ययनमा *प्रिय मौनता* सङ्ग्रहका कवितामा प्रयोग भएका अन्य पाठहरूका विषय शैली र चिन्तनको अध्ययनका साथै ती पाठहरूले उनका कवितामा ल्याएका विशिष्टताहरूको विश्लेषण गरिएको छ।

## उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य नेत्र एटमको *प्रिय मौनता* कवितासङ्ग्रहका कविताहरुमा अन्य पाठहरूको प्रयोगको अवस्था र ती पूर्वपाठहरूले कवितामा पारेको प्रभावका विभिन्न आयामहरूको विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ। यसका लागि यी कवितामा केकस्ता स्रोतहरूको उपयोग गरिएको छ र ती स्रोतहरूलाई कसरी र केका लागि प्रयोग गरिएको छ साथै अन्य स्रोतहरूलाई आफ्ना भनाइ बनाउनका लागि कविलाई कुन ठाउँमा उभ्याइएको छ भन्ने विषयको अध्ययन गरिएको छ।

## विधि

प्रस्तुत अध्ययनमा *प्रिय मौनता* कवितासङ्ग्रहलाई प्राथमिक स्रोतसामग्रीका रूपमा र अन्तर्पाठीयतासँग सम्बद्ध सामग्रीका साथै यस कवितासङ्ग्रहको विश्लेषणसँग सम्बन्धित सामग्रीलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ। यस कृतिमा सङ्गृहीत अन्ठाउन्नवटा कवितामध्ये 'तिमीले मलाई बिर्स्यौ भने', 'प्रिय आविष्कार', 'कहरको क्यानभास', 'प्रिय कोपिला', 'सम्भावनाका सन्झ्याल', 'अन्धकार', 'नङ्गेली ब्लुज', 'सम्झनाको लयमा बिलिन हुँदै', 'प्रभावको चिन्ता', 'स्वतन्त्रता', 'सिल्भिया आफ्नै समाधिबाट', 'समयको खोजी' र 'आशक्ति' गरी तेह्रवटा कविताहरुमा प्रत्यक्ष रूपमा विभिन्न स्रोतका अन्तर्पाठको प्रयोग गरिएको छ। यस अध्ययनमा यी कविताहरुलाई तथ्यका रूपमा लिएर तिनको विश्लेषण गर्न पाठपरक विश्लेषण विधिको उपयोग गरी शोध्यसमस्याको प्राज्ञिक निष्कर्ष निकालिएको छ। प्रस्तुत अध्ययनमा मूल रूपमा कविताकृतिको विश्लेषण गरिएकाले यो अध्ययन विश्लेषणात्मक र गुणात्मक प्रकृतिको रहेको छ।

*प्रिय मौनता* कवितासङ्ग्रहमा अभिव्यक्त अन्तर्पाठीयताका विभिन्न स्वरूपको अन्वेषण गर्न बजरमानले 'इन्टरटेक्स्टुआलिटी : हाउ टेक्स्ट रिलाइ अन अदर टेक्स्ट्स' (Intertextuality : How Text Rely on Other Texts) शीर्षकको लेखमा प्रस्तुत गरेको कृतिमा प्रस्तुत अन्तर्पाठीयताको विश्लेषण गर्ने विधिलाई आधार बनाइएको छ। उनले परीक्षण गर्न चाहेका विशेष पाठहरूको पहिचान गर्ने, पाठमा तथ्यहरू कसरी प्रस्तुत भएका छन् सूची बनाउने (प्रत्यक्ष उद्धरण, अप्रत्यक्ष उद्धरण, व्याख्या, वर्णन, वाक्यांश), पाठको अवलोकन तथा तार्किक व्याख्या गर्ने, अन्तर्पाठीयताको व्याख्या गर्ने, कसरी कुन र के उद्देश्यले पाठमा अन्तर्पाठीय तत्त्वहरूलाई ल्याइएको छ विश्लेषण र टिप्पणी गर्ने, परिचित वाक्यांशहरू, विशिष्ट मानिस एवं मानिसको समूहसँग संलग्न शब्दभण्डारहरू

तथा विशेष दस्तावेजहरूको प्रयोग गर्ने, विश्लेषणको ढाँचा निर्माण गर्ने, प्रायोगिक विश्लेषण गर्ने भनी अन्तर्पाठीय अध्ययन विश्लेषणको विधि निर्माण गरेका छन् (बजरमान, सन् २००३, पृ.९४) । प्रस्तुत अध्ययनमा बजरमानले उल्लेख गरेको अन्तर्पाठीय अध्ययनको यही पद्धतिलाई अध्ययनको आधार बनाइएको छ ।

## सैद्धान्तिक आधार

अन्तर्पाठीयता कुनै पनि पाठमा त्यसभन्दा अगाडि स्थापित भएका पाठहरूले नै विशिष्ट अर्थ प्रदान गरेका हुन्छन् भन्ने मान्यता राख्ने उत्तरआधुनिकतावादी चिन्तन हो । अवधारणाकै रूपमा स्थापित नभए पनि अन्तर्पाठीयताका सन्दर्भमा टी. एस इलियट र डेभिड जोन जस्ता आधुनिकतावादीहरूले नै प्रशस्त अन्वेषण गरेका छन् । टी. एस इलियटको 'परम्परा र व्यक्तिप्रतिभा' ले पनि अन्तर्पाठीयताको प्रतिनिधित्व गर्दछ तर यो पूर्ण नभई अर्धअन्तर्पाठीय रहेको छ (जेन्जिन, सन्.२०१६, पृ.२९९) । यसैले अन्तर्पाठीयताको अवधारणा आधुनिकतावादको निरन्तरताकै परिणति हो । यी दुईका बिचमा निर्विवाद निरन्तरता छ (हार्वर, सन्.२००७, पृ.५४) । यस चिन्तनले साहित्य शून्यमा सिर्जना हुन नसक्ने र यो अगाडिका विषय, स्रष्टा, चिन्तन र शैलीकै प्रभावमा आधारित हुने मान्यता राख्दछ ।

अन्तर्पाठीयताको अवधारणा प्रस्तुत गरेकी चिन्तक जुलिया क्रिस्तेभा मिखाइल बख्तिनको 'सङ्केतहरू र पाठहरूले आवाज र दृष्टिकोणहरूको बहुलतालाई प्रतिनिधित्व गरेका हुन्छन्' भन्ने संवादात्मक सिद्धान्तबाट प्रभावित छिन् । वख्तिनले समाजमा अग्रस्थानमा रहेका वर्ग र विचारधाराहरूले अन्यसँग अन्तर्विरोधहरूका साथै अन्य श्रेणीहरू र स्तरहरूसँग संवाद गरिरहेका हुन्छन् भन्ने मान्यता प्रस्तुत गरेका छन् जसलाई उनले समाजको बहुस्वरता अर्थात् आवाजहरूको विविधता मानेका छन् (हार्वर, सन् २००७, पृ.६०) । उनको यस संवादवादी सिद्धान्तले प्रत्येक पाठ अन्य पाठहरू, शैलीहरू र सङ्कथनका बहुरङ्गी सन्दर्भबाट बनेका हुन्छन् भन्ने मान्यता राख्दछ । वख्तिनको समाजका विविधतासँग भाषाले संवाद गरिरहेको हुन्छ भन्ने मान्यताबाट प्रभावित भएर क्रिस्तेभाले अन्तर्पाठीयताको अवधारणा अगाडि सारेको भए तापनि व्यावहारिक रूपमा साहित्यको सिद्धान्तका रूपमा यसको गहन प्रयोग मानव इतिहासको अभिलेखीकरणसँगै र सङ्कथन र पाठहरू अस्तित्वमा आएसँगै भएको हो (जेन्जिन, सन् २०१६, पृ.२९९) । यस चिन्तनले पाठलाई साङ्केतिक प्रणालीको परिवर्तनका परिणाम मान्दछ र यिनीहरूले मान्यता प्राप्त गरी अगाडिका प्रणालीलाई संशोधित, परिष्कृत गरी कार्यरूपमा परिणत गराउँछन् भन्ने चिन्तन प्रस्तुत गर्दछ (इसरथ, सन् २०१९, पृ.१९) । यसले प्रत्येक पाठलाई अवशोषण र परिवर्तनको परिणाम मान्दछ । अन्तर्पाठमा अन्यत्रबाट सोभै लिइन सक्छ, दोहोऱ्याइन सक्छ, नयाँ मन्तव्य राखिन सक्छ, अर्को रूपमा ढलान दिइन सक्छ र यसका सिधा ढलान र आवृत्तिमा कठिनाइ पर्दैन (गौतम, २०७६, पृ.१५६) । अन्तर्पाठीयताले प्रत्येक साहित्यिक पाठमा अन्य पाठहरूको अनुसरण भएको हुन्छ र सर्जकले पुराना पाठलाई अनुसरण, संशोधन र परिवर्धन गर्नका साथै रचनात्मक अतिक्रमण पनि गर्दछ भन्ने चिन्तनलाई मुख्य रूपमा अगाडि सारेको छ ।

बजरमानले अन्तर्पाठीयता अध्ययनमा गरिनुपर्ने छवटा तहहरूका बारेमा विस्तृत विश्लेषण गरेका छन् । यस लेखमा उनले पाठमा पहिलाका पाठहरूलाई वर्तमानको प्रकटित अर्थ प्रदान गर्ने अर्थहरूको स्रोतका रूपमा प्रयोग गरिएको हुनुपर्ने, पाठले पहिलाका पाठहरूमा अभिव्यक्त भएका सामाजिक व्यवहार र परिघटनालाई छलफलमा सहभागी गराउनुपर्ने, पाठले स्पष्ट रूपमा अन्य कथनहरूको पृष्ठभूमि, पक्षधरता र आलोचना गर्नुपर्ने, सामान्यीकृत रूपमा सञ्चरण भएका र पाठकहरूसँग परिचित भएका विश्वासहरू, परिघटनाहरू, विचारहरू र कथनहरूसँग कम परिचित पाठहरू निर्भर रहनुपर्ने, केही निश्चित स्पष्टताका लागि परिचित प्रकारका भाषा, वाक्य र शैलीहरूले विशिष्ट सामाजिक संसारलाई चिनाउने सङ्केतका रूपमा कार्य गर्नुपर्ने र सबै समयमा प्रत्येक पाठहरू सांस्कृतिक संसारको एउटा भागका रूपमा उपलब्ध रहेको स्रोतमा अन्तर्पाठको विशिष्ट ध्यानविना भर पर्नुपर्ने धारणा अघि सारेका छन् (बजरमान, सन्.२००३, पृ.८६-८७) । प्रस्तुत अध्ययनमा अन्तर्पाठीयताका यिनै मान्यतालाई आधार बनाएर *प्रिय मौनता* कवितासङग्रहका कविताको विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

### *प्रिय मौनता* कवितासङग्रहमा अन्तर्पाठीयताको स्रोत र स्वरूप

*प्रिय मौनता* कवितासङ्ग्रहका कविताहरुमा मुखर र अन्तर्निहित रूपमा अन्य पाठहरूको उपयोग गरिएको छ । कवितामा प्रस्तुत भएका यी पाठहरूमा पूर्वपाठमा आएका पात्र र उनीहरूका चिन्तनका साथै पूर्वज स्रष्टाहरू र तिनीहरूका विचारलाई संशोधित र परिमार्जित रूपमा ग्रहण गर्नुका साथै तिनीहरूसँग संवाद पनि गरिएको छ । पूर्वपाठहरूका पात्र, विचार र चिन्तनसँग गरिएका संवाद र अन्तर्क्रियाले प्रस्तुत सङ्ग्रहका कविताहरुलाई बढी विस्तृतता र गहनता प्रदान गरेका छन् । यी कविताहरुमा पूर्वपाठहरूमा प्रयोग गरिएका विभिन्न विषय, बिम्ब र प्रतीकहरूका साथै शैलीका माध्यमबाट प्रेम, त्याग, समर्पणका साथै क्रान्ति, शौर्य, साहस र स्वाभिमानका विविध अनुभूतिहरुको सम्प्रेषण गरिएको छ । यहाँ प्रयोग गरिएका यी अन्तर्पाठहरूले कविताहरुलाई बढी भावपरक, गहन, विस्तृत र बौद्धिक तुल्याउनुका साथै तीव्र र प्रभावकारी पनि बनाएका छन् । यी सबै कवितामा कुनै न कुनै रूपमा (अन्तर्निहित र मुखर) विविध पूर्वपाठहरूको प्रयोग भएकै छ तर यहाँ मुखर रूपमा अभिव्यक्त भएका अन्तर्पाठका स्रोत र स्वरूप यसप्रकार छन् :

| अन्तर्पाठीयता मुखर भएका कविता | अन्तर्पाठीयताको स्रोत | अन्तर्पाठीयताको स्वरूप |
|---|---|---|
| १) तिमीले मलाई बिर्स्यौ भने | पाब्लो नेरुदाको कविता | कविताको शीर्षक/प्रेम, त्याग र समर्पणको उच्च स्वरूप |
| २) प्रिय आविष्कार ! | ग्रिसेली भाषा | विस्मयसूचक शब्द |
| ३) कहरको क्यानभास | पारिजातको शिरीषको फूल उपन्यास | उपन्यासको समर्पणलाई कवितापङ्क्तिका रूपमा ग्रहण |

| | | |
|---|---|---|
| ४) प्रिय कोपिला | जोन किट्सको 'ओड अन अ ग्रेसिअन अर्न' कविता | कविताको अंश/ प्रत्यक्ष कथनका रूपमा ग्रहण |
| ५) सम्भावनाका सन्झ्याल | ऐतिहासिक मिथक | वीर योद्धा स्पार्टाकस/शौर्य र सङ्घर्षको प्रतीक |
| ६) अन्धकार | योहाङ गोथेको 'फाउस्ट' काव्यनाटक | काव्यनाटकका नायक र खलनायक/ सत् र असत्को बिम्ब |
| ७) नङ्गेली ब्लुज | ऐतिहासिक विषय | कविताको शीर्षक र विषय /उत्पीडित र विद्रोही पात्र जसले आफूमाथिको उत्पीडनको विरोध गर्दा मृत्युवरण गर्न विवश हुनुपरेको थियो/ उत्पीडितहरूका विद्रोहको प्रतीक |
| ८) सम्झनाको लयमा विलिन हुँदै | शङ्कर लामिछानेको निबन्ध | निबन्धको शीर्षक/ विषय र शैलीको ग्रहण |
| ९) प्रभावको चिन्ता | ह्यारोल्ड ब्लुमको सिद्धान्त | प्रभावको चिन्ता सिद्धान्तबाट प्रभाव ग्रहण |
| १०) स्वतन्त्रता | द प्रोफेट | 'द फ्रिडम' शीर्षकको कविताका साथै भाव र चिन्तनको ग्रहण |
| ११) सिल्भिया आफ्नै समाधिबाट | सिल्भिया प्लाथको जीवनी र कवित्व | कविका नाममा कविताको शीर्षक र उनका कविताको भावग्रहण /प्रत्यक्ष उद्धरण/ 'म्याड गर्ल्ज लभ सङ्ग' कविताकी बहुलाही पात्र |
| १२) समयको खोजी | कवि र चिन्तक | वाल्ट ह्विटमन, भ्लादिमिर मायोकोभ्स्की र पाब्लो नेरुदाको कवि व्यक्तित्वप्रतिको असीम श्रद्धा र सम्मानका साथै गौतम बुद्धका चिन्तनको प्रभाव |
| १३) आसक्ति | द प्रोफेट | 'द रिजन एण्ड प्यासन' कविताको भावग्रहण |

उपर्युक्त कविताका पाठगत तथ्यहरूलाई हेर्दा यस सङ्ग्रहका कविताहरुमा नेपाली साहित्यका पारिजात र शङ्कर लामिछानेदेखि पाश्चात्य साहित्यका विभिन्न अग्रज साहित्यकार र चिन्तकहरूका सिर्जना र चिन्तनलाई रचनात्मक पुनर्सिर्जन र मौलिक अनुसरण गरिएको छ। कविताका माध्यमबाट विश्वसाहित्यका अग्रजसँग गरिएको संवाद, अन्तर्क्रिया र तर्कवितर्कले नेपाली कवितालाई विश्वसाहित्यसँग अन्वित गरिदिएको छ। साथै, पाठकहरूको ज्ञानको दायरालाई पनि विस्तृत पारिदिएको छ । ब्रिटिस कवि किट्स, अमेरिकी कविहरू प्लाथ र ह्विटमन, अरबी कवि जिब्रान, जर्मन कवि गोथे र ल्याटिन अमेरिकी कवि नेरुदाका कृतिहरूलाई सम्झँदै र तिनका केही अंशहरूसमेत आफ्ना कवितामा समावेश गर्दै एटमले एकातिर नेपाली साहित्यको परिधिविस्तार गरेका छन् भने अर्कातिर भाषा र भूगोलका अनेकन् सीमाहरूमा विभक्त ती स्रष्टाहरूलाई अँगालेर साहित्यमार्फत एउटा विश्व अर्थात् वसुधैव कुटुम्बकम्को परिकल्पना पनि गरेका छन् (दमाई, २०७७, पृ.१०१)। कवितामा प्रयोग गरिएका अग्रज कवि र चिन्तकहरूका रचना र चिन्तनका प्रत्यक्ष र परिमार्जित एवं संशोधित अंशहरूले त्यस समाज, संस्कृति र चिन्तनसँग वर्तमान जीवन र चिन्तनलाई प्रत्यक्ष जोड्ने र निरन्तर अन्तर्क्रिया गर्ने काम पनि गरेका छन्। साथै, कविताका अनुभूतिगत आयामलाई सर्वव्यापी र सामान्यीकृत गर्न मद्दत पुऱ्याएका छन्।

### *प्रिय मौनता* कवितासङ्ग्रहमा अन्तर्पाठीयताको अवस्थिति

अन्तर्पाठीयताको अवधारणाले वर्तमान पाठमा पूर्व विचार, विषय, सन्दर्भ र परिघटनाका साथै भाव, भाषा र शैलीको बिम्बात्मक, प्रतीकात्मक, आलोचनात्मक, संवादात्मक र अन्तर्क्रियात्मक अवस्थिति रहेको हुन्छ भन्ने मान्यता राख्दछ । वर्तमान पाठमा आएका पूर्वपाठका विषय, भाव र शैली प्रत्यक्ष उद्धरण, अप्रत्यक्ष उद्धरण, वर्णन, चित्रण, व्याख्यालगायतका स्वरूपमा प्रस्तुत हुन्छन् र तिनले कवितालाई सुन्दर, मुखर र कलात्मक बनाएका हुन्छन् । कवितामा काव्यिक सम्बोधनको प्रकृति, भाषिक प्रयुक्तिको नियत, ऐतिहासिक, राजनीतिक, सांस्कृतिक आदि बाह्य सन्दर्भ तथा वक्ता, सचेत सम्बोध्य पात्र र पाठकका बिचको गहन सम्बन्धलाई प्रतिबिम्बन गर्ने आत्मीय निर्मितिमार्फत अनुभूतिको सम्प्रेषण (एटम, २०७७, पृ.१०८) गर्ने क्रममा कवितामा प्रयुक्त अन्तर्पाठले सम्प्रेषणीयताको परिधिविस्तार गर्नुका साथै गाम्भीर्यता र अनुभूतिगत तरलता प्रदान गरेका हुन्छन् । *प्रिय मौनता* कवितासङ्ग्रहका कविताहरुमा प्रयोग गरिएका पूर्वपाठहरूले नेपाली कविताको क्षेत्र र परिधिलाई ऐतिहासिक समाज, चिन्तन र शैलीसँग जोडेर यसलाई विस्तृतता प्रदान गर्नुका साथै दृष्टिकोणलाई गहन र सार्वभौम बनाउने कार्य गरेका छन् ।

*प्रिय मौनता* सङ्ग्रहका कविताहरुमा पूर्वपाठका विषय, भाव, विचार र शैलीको रचनात्मक मौलिक अनुसरण, आलोचना, विस्तृतीकरण र नवनिर्माण गरी नवीन विचारको प्रकटीकरण गरिएको छ । यी कवितामा विश्व साहित्यका साथै नेपाली साहित्यका अग्रजहरूका विचार र चिन्तनको प्रभाव ग्रहण र अनुसरणमार्फत तिनीहरूका विचारको समर्थन र विस्तृतीकरण पनि गरिएको छ । यसका लागि कविव्यक्तित्व कहीँ पूर्वविचारका अनुसरणकर्ताका रूपमा, कहीँ व्याख्याताका रूपमा र कहीँ आलोचकका रूपमा र कहीँ मौलिक अतिक्रमणकर्ताका रूपमा प्रस्तुत भएको छ । नेपाली अग्रज साहित्यकारका विचार, भाव र शैलीको रचनात्मक अनुसरण गरिएका दुई कवितामध्ये 'कहरको क्यानभास' कवितामा पारिजातको *शिरीषको फूल* उपन्यासको समर्पणमा प्रस्तुत भएको पहिलो भ्रमर चुम्बनमै ओइली झर्ने शिरीषको फूलका आकाशको विशालता हेरेर कतिकति प्रतिरोधी जिन्दगीहरू प्रतीक्षा गर्न सक्ने (एटम, २०७७, पृ.६) प्रणले अस्तित्ववादी पात्रत्वप्रतिको आस्थालाई र 'सम्झनाको लयमा विलीन हुँदै' कविताले अग्रज निबन्धकार शङ्कर लामिछानेका निबन्धको शीर्षक ग्रहण गर्दै उनका विचार र भावको समर्थन गर्नाका साथै यी भावहरूको पुनर्सिर्जनसमेत गरेको छ । नेपाली साहित्यका अग्रजहरूका विचार र भावप्रति श्रद्धा, आस्था र समर्थन प्रकट गरिएका यी कविताहरूमा कविले आफूलाई आज्ञाकारी समर्थकका रूपमा नभएर भाव र विचारका नवनिर्माताका रूपमा प्रस्तुत गरेका छन् ।

*प्रिय मौनता* सङ्ग्रहमा विभिन्न स्वरूपमा प्रस्तुत भएका अन्तर्पाठहरूले कविज्ञानको विस्तृततालाई प्रकट गर्नाका साथै ज्ञानका वैश्विक सन्दर्भ र विषयसँग नेपाली कविताका पाठकलाई जोड्ने काम पनि गरेका छन् । यी पाठहरूमा पूर्ववर्ती लेखकहरूका रचनाहरू एक किशोरले अग्रजहरूका अगाडि नतमस्तक भई मन्त्रणा ग्रहण गरेपछिको जस्तो भक्तिभाव नदेखाई एक सबल कविका रूपमा

अग्रजका कवितालाई विस्तार गर्दै पूर्ण पुनर्लेखन गरिरहेका छन् (दमाई, २०७७, पृ.१०१)। कविले मानवीय सम्बन्धका आयामहरू भावनाका गहिराइबाट निर्मित भएका हुन्छन् र यिनीहरू जीवनशक्तिका स्रोत हुन् भन्ने भावलाई व्यक्त गर्न 'तिमीले मलाई बिर्स्यौ भने' कवितामा गरिएको चिलीका प्रगतिवादी कवि पाब्लो नेरुदाको कविता 'इफ यु फर्गेट मी' मा शीर्षकका साथै भावको अनुग्रहण र समर्थन गरिएको छ र ती भावहरूलाई विस्तृतीकरण पनि गरेका छन् भने 'प्रिय कोपिला' कवितामा जोन किट्सको 'ओड अन अ ग्रेसियन अर्न' कविताबाट प्रभाव ग्रहण गर्नाका साथै अझै यी भाव र चिन्तनको मौलिक पुनर्निर्माण पनि गरेका छन्। यहाँ प्रेम र अनुभूतिको विस्तृतता र व्यापकतालाई व्यक्त गर्न नेरुदा र किट्सका प्रवाहमयी भाव, विचार र शैलीको अनुसरण गरिएको भए तापनि ती भावहरूको संशोधित र विस्तृत नवनिर्माणले त्यसलाई कविको मौलिक निजत्वमा परिणत गरिदिएको छ । नेरुदाको कवितामा 'तिमी'ले प्रेम गरेका अवस्थामा आफूले अझै बढी प्रेम गर्ने तर बिर्सेका अवस्थामा आफूले त्योभन्दा पहिले प्रेम गर्न छाडिदिने अभिव्यक्तिमार्फत प्रेमलाई परस्पर मेल र एकत्वले नै सिञ्चित गर्ने भाव व्यक्त गरिएकामा (नेरूदा, इफ यु फर्गेट मी) यस कवितामा प्रेम जीवनको सत्य र अर्थ भएकाले यसको सम्बन्ध प्राप्ति अप्राप्तिका साँध र सीमाभन्दा पर रहने र यसका अभावमा जीवनगति धीमा भने हुने नवीन भावको निर्माण गरिएको छ जुन नेरुदाका भाव र विचारको समर्थनका साथै विस्तृतिसहितको पुनर्लेखन नै हो :

तिम्रो सम्झनाको सघनता बोकेर
धीमा हुनेछ मेरो ढुकढुकीको गति
अरू त सब उस्तै उस्तै
चलिरहनेछन्
तिमीले मलाई बिर्स्यौ भने !

(एटम, २०७७, पृ. १)।

उपर्युक्त कवितांशमा आएको 'तिमीले मलाई बिर्स्यौ भने !' नेरुदाको उद्धरण हो भने कवितामा आएको प्रेमप्रतिको आस्थाका साथै यसको गहनता र सघनता उनका भावको प्रभावका साथै कविका पृथक् चेतना र अनुभूतिका बिम्बहरू हुन्। यहाँ नेरुदाको कविताशीर्षकको ग्रहण उनको कवित्वप्रतिको प्रभाव, आस्था र श्रद्धाको परिणति हो तर कवितामा प्रस्तुत भएको भावना कविका मौलिक र सिर्जनात्मक क्षमताको उद्बोधन हो। कवितामा प्रस्तुत भएका यी अनुभूति र भावले नेरुदाका भावको सम्मान गर्नाका साथै ती भावहरूमाथि रचनात्मक अतिक्रमण र नवनिर्माणको कविसामर्थ्यलाई प्रस्तुत गरेका छन्।

*प्रिय मौनता* सङ्ग्रहका कविताहरुमा प्रयोग भएका अन्तर्पाठले पहिलाका पाठहरूमा अभिव्यक्त भएका सामाजिक व्यवहारहरू र परिघटनाहरूलाई वर्तमान सन्दर्भमा छलफलमा सहभागी गराएका छन्। कृतिमा प्रस्तुत भएका यी परम्परागत सामाजिक व्यवहार र परिघटनाले त्यस समाजको चिन्तन र संस्कृतिलाई वर्तमानसँग परिचित तुल्याउनाका साथै त्यसको समर्थन, प्रभावग्रहण, आलोचना र विस्तृतीकरणमार्फत ज्ञानविस्तारका साथै नवज्ञानको निर्माण पनि गरेका छन्। लोभ, लालच र

स्वार्थी आकाङ्क्षाहरू समाजविकासका बाटामा सत्य, ज्ञान र चेतनाको अन्त्य गर्ने माध्यम र साधनका रूपमा सक्रिय थिए र वर्तमानसम्म त्यसको गति निरन्तर छ भन्ने सन्दर्भलाई पूर्वपाठमा प्रस्तुत भएका चिन्तन र चरित्रहरूका सन्दर्भबाट संवाद प्रक्रियामा अगाडि ल्याइएको छ। सङ्ग्रहमा सङ्गृहीत 'अन्धकार', 'स्वतन्त्रता', 'आसक्ति' 'नङ्गेली व्लुज' लगायतका कवितामा यही भावको सबल अभिव्यक्तिका लागि पूर्वपाठका विभिन्न विषय, चिन्तन र प्रवृत्तिसँग रचनात्मक र सिर्जनात्मक संवादका साथै ती विचारलाई समर्थन, आलोचना र विस्तृतता प्रदान गरिएको छ। 'अन्धकार' कवितामा असत्यका पछि लाग्नेहरूकै कारण वर्तमान ज्ञानको परिधि विस्तृत बन्न नसकेको र अन्धकारको व्याप्ति नै वर्तमानको चरित्र बनेको विचार प्रकट भएको छ। यस विचारको समर्थनका लागि जर्मन काव्यनाटककार गोथेको अमर कृति *फाउस्ट*का नायक फाउस्ट र खलनायक मेफिस्टोफिलिजलाई सन्दर्भका रूपमा उपयोग गरिएको छ। त्यसका लागि कविद्वारा ती पात्रहरूसँग संवाद र अन्तर्क्रिया गर्नाका साथै तिनीहरूको आलोचना र विरोध पनि गरिएको छ। यहाँ काव्यनाटकका नायकको लालच र क्षणिक सुखप्राप्तिको स्वार्थी चाहनाले ज्ञानप्राप्तिको विराट् लक्ष्यलाई निषेध गरेको सन्दर्भमार्फत लोभ, लालच र स्वार्थी प्रवृत्तिले वर्तमानमा ज्ञानको पथलाई निषेध गरेको विषयलाई प्रकट गर्दै त्यसप्रति यसप्रकार असहमति प्रस्तुत गरिएको छ :

प्रिय फाउस्ट !
तिमी मेफिस्टोफिलिजको पछि लागुन्जेल यहाँ
आँसुमा कहिल्यै लकडाउन हुँदैन
पीडामा कहिल्यै सलह लाग्दैन
त्रासको एकान्तबास हुने
कुनै लक्षण देखिएको छैन !

(एटम, २०७७, पृ. ५१)।

उपर्युक्त कवितांशमा असल, ज्ञानी, चिन्तक फाउस्ट निहित लोभ र स्वार्थमा फसेर खलनायक सैतान मेफिस्टोफिलिजको पछि लाग्दा ज्ञानप्राप्तिको महान् लक्ष्यबाट विमुख भएको र उसको जीवनकै दुखद अन्त्य भएको सन्दर्भमार्फत वर्तमान समयका 'फाउस्ट'का निहित स्वार्थ र कुत्सित आकाङ्क्षाहरू ज्ञानको पद्धतिलाई पतन गराउने कारक भएको चिन्तन प्रस्तुत गरिएको छ। यहाँ फाउस्ट र मेफिस्टोफिलिज वर्तमान समाजविकासको पद्धतिलाई निषेध गर्ने गलत प्रवृत्तिका बिम्बका रूपमा प्रस्तुत भएका छन्। यहाँ अपरिचित पूर्वपाठको परिचितीकरणको प्रक्रियाद्वारा तिनीहरूसँग गरिएको संवाद र आलोचनामार्फत वर्तमानको विरोध गरिएको छ। कवितामा वर्तमान समाजमा जुनसुकै स्थानका नायकहरूमा रहेको यस प्रवृत्तिले समाजलाई अधोगतितर्फ धकेल्ने चिन्तनलाई प्रस्तुत गर्न ती पात्रहरूसँग अन्तर्क्रिया गर्नाका साथै तिनीहरूका गलत प्रवृत्तिको यसप्रकार आलोचना गरिएको छ :

प्रिय फाउस्ट !
देख्दादेख्दै

अराजकताको क्यारीमा कसरी फस्टाइरहेछ
तिम्रो अहंका
थाक्रोमा सिरान लगाएर उभिएको
अलमस्त कहरको यो क्यामेलिया !
र हेर्दाहेर्दै
कसरी ब्ल्याकहोलमा फसिरहेछ
तिम्रो समृद्धिले न्याप गरेर जति सजाइए पनि
यो मुन्टो ढलिसकेको एक अँजुली जून...

(एटम, २०७७, पृ. ५२) ।

उपर्युक्त कवितांशमा आएका 'थाक्रोमा सिरान लगाएर उभिएको क्यामेलिया' र 'मुन्टो ढलिसकेको एक अँजुली जून' भौतिक समृद्धि र उन्नतिका आवरणभित्र खोक्रा हुँदै गएको फाउस्टआदर्श यसलाई विभग्न गर्न हरसमय उद्दत रहेको मेफिस्टोफिलिज प्रवृत्तिका परिणति हुन् । यहाँ फाउस्ट अहङ्कार र अहमताभित्र फैलाउँदै गएको स्वार्थीपना र भौतिक सुखप्राप्तिका लागि आफ्नो अस्तित्वलाई नै त्याग्न अघि सर्ने वर्तमान सामाजिक प्रवृत्तिको प्रतीक हो । कवितामा त्यस पात्रप्रति गरिएको 'प्रिय' सम्बोधनमार्फत क्षणिक र स्वार्थी आकाङ्क्षाको पछि लाग्दा निरन्तर पतन र अन्त्यतर्फ प्रवृत्त मानवीय प्रवृत्ति र जीवनपद्धतिप्रति व्यङ्ग्य गरिएको छ । कवितामा गोथेका काव्यनाटकका यी पात्रहरूको प्रयोगमार्फत पूर्ववर्ती समाजका परिघटना र सन्दर्भसँग वर्तमानलाई जोड्ने, विश्लेषण गर्ने र त्यसमार्फत वर्तमानको आलोचना गर्ने काम भएको छ । यहाँ पूर्वपाठका पात्रहरूको प्रयोग वर्तमानका गलत प्रवृत्तिको सुन्दर र प्रभावकारी रूपमा चित्रण गर्नका साथै उनीहरूसँगको बहस र अन्तर्क्रियामार्फत वर्तमानको आलोचना  गर्न र ती प्रवृत्तिमाथि गम्भीर प्रश्न उठाउनका लागि गरिएको छ ।

*प्रिय मौनता* सङ्ग्रहका कविताहरुमा पहिलाका पाठहरू वर्तमानको प्रकटित अर्थ प्रदान गर्ने अर्थहरूको स्रोतका रूपमा प्रयोग गरिएका छन् । यहाँ वर्तमान पाठहरू पूर्ववर्ती पाठहरूकै अवशोषणका रूपमा आएका देखिन्छन् । कविताहरुमा प्रयोग भएका यी पाठहरूले पूर्वपाठको कथनस्रोतलाई आधिकारिक र प्रामाणिक पनि बनाएका छन् । साथै, यिनीहरू वर्तमान पाठका आधार, प्रेरणास्रोत र ज्ञाननिर्माणका माध्यम पनि बनेका छन् । कवितामा आएका पूर्ववर्ती पाठहरूले नवचेतनाको निर्मिति र विस्तृतीकरण गर्नाका साथै त्यसको मौलिक र सिर्जनात्मक अतिक्रमणसमेत गरेका छन् । यस सङ्ग्रहको 'स्वतन्त्रता' कविता खलिल जिब्रानको *द प्रोफेट*मा सङ्कलित 'द फ्रिडम'बाट र 'आशक्ति' कविता 'रिजन एण्ड प्यासन'बाट प्रभावित छ । 'स्वतन्त्रता' कवितामा जिब्रानले व्यक्त गरेको 'तिम्रो स्वतन्त्रता बन्धनहरू तोडेर प्राप्त भएको छ भने त्यो स्वयं पूर्ण स्वतन्त्रताप्राप्तिका लागि बाधक बन्दछ' (जिब्रान, सन् १९८६, पृ. ५६) भन्ने विचारको समर्थन गर्दै निहित स्वार्थमा आधारित सम्बन्धका बन्धनभित्र पूर्ण र वास्तविक स्वतन्त्रता प्राप्ति नहुने र ती

सम्बन्धका लागि आफ्नो स्वतन्त्रतालाई बन्धक नराख्ने चिन्तन व्यक्त भएको छ । निस्फिक्रीसँग सास फेर्न पाउने अधिकार जीवनको प्रमुख र सत्य आधार भएको र यसलाई बन्धक राखेर कसैसँग सम्झौता नगर्ने विचारको सुन्दर र प्रवाहमयी अभिव्यक्तिका लागि जिब्रानको उपर्युक्त चिन्तनलाई नै माध्यम बनाइएको छ :

चर्कियून,
वा
भत्कियून
घरभित्र धुवाँइरहने
कमजोर सम्बन्धका भित्ताहरू
तर,
डराउन्न
कहिल्यै
श्वास फेर्न निस्फिक्री !

(एटम, २०७७, पृ.७६)

उपर्युक्त कवितांशमा मानवीय जीवनको सबैभन्दा अमूल्य र आवश्यक प्रक्रिया 'निस्फिक्री श्वास फेर्नु' भएको र यसलाई बन्धक राखेर प्राप्त हुने कुनै पनि सम्बन्ध आफूलाई स्वीकार्य नभएको कविआकाङ्क्षाद्वारा मानवीय स्वतन्त्रताको उच्च महिमागान गाइएको छ । यहाँ स्वतन्त्र जीवनको महत्त्व र मानवीय जीवनमा यसको अनिवार्यता र आवश्यकतालाई व्यक्त गर्न जिब्रानद्वारा स्वतन्त्रताका सन्दर्भमा व्यक्त गरिएका दार्शनिक चिन्तनलाई ग्रहण गर्नाका साथै त्यसलाई विस्तृतीकरण पनि गरिएको छ । कवितामा स्वतन्त्रताका सम्बन्धमा व्यक्त भएका यी विचारहरू पूर्वपाठकै अवशोषणका उपज हुन् । विचार र शैलीमार्फत पूर्वपाठको समर्थन र तर्कको यस प्रक्रियाले एकातर्फ विशिष्ट सामाजिक विचारलाई चिनाउने सङ्केतका रूपमा कार्य गरेको देखिन्छ भने अर्कातर्फ पूर्व विचारलाई वर्तमानसँग जोड्दै थप प्रखर तुल्याएको छ ।

*प्रिय मौनता* सङ्ग्रहका कविताहरुमा पाठकहरूसँग परिचित भएका विश्वास, परिघटना, विचार र कथनसँग कम परिचित पाठहरूलाई निर्भर तुल्याइएको छ। यसबाट अपरिचित पाठहरूको परिचितीकरण भई तिनीहरू संवेदित र ग्राह्य भएका छन् । 'नङ्गेली ब्लुज' कवितामा वर्तमान पाठकहरूको पूर्वज्ञानमा नभएका घटना, विश्वास र विचारलाई पाठकपरिचित विचारसँग सन्दर्भित तुल्याइएकाले नै यो कविता शक्तिशाली बन्न पुगेको हो । यस कवितामा यी कम परिचित ऐतिहासिक र सामाजिक विषय र परिघटनाहरू परिचित सन्दर्भ र विचारसँग निर्भर भएर आउँदा यसरी बेजोड बनेका देखिन्छन् :

नङ्गेली !
छैन तिम्रो नाम अट्ने ठाउँ कतै

शासकको प्रशस्ती गाइएका इतिहासका पानाहरूमा
काटिएका स्तनको रक्तमुछेल बिम्बको बासस्थान त
समयको पर्दाले छोपिएको वर्तमान न हो
खोई कहाँ छ अहिले तिम्रो मुलच्छीपुरम ?
जहाँ गडेको हुनुपर्छ
अझै पनि अलिखित जिन्दगीको अधुरो अवशेष !

(एटम, २०७७, पृ. ५४-५५ )

उपर्युक्त कवितांशमा आएकी 'नङ्गेली' पात्र र उसको प्रताडनाको साक्षी बनेको गाउँ 'मुलच्छीपुरम' पाठकहरूसँग कम परिचित पाठहरू हुन् जुन पाठहरू कवितामा आएका 'काटिएका स्तनको रक्तमुछेल बिम्ब समयको पर्दाले छोपिएको वर्तमानमा गाडिएको' सन्दर्भमार्फत परिचित हुनाका साथै प्रखर र प्रगाढ भएका छन्। यहाँ इतिहासको कालखण्डमा बिलिन बन्न पुगेको पूर्वविचार र सन्दर्भलाई वर्तमान समाज र यसका प्रवृत्तिसँग जोडेर त्यसप्रति तीव्र असहमति प्रकट गरिएको छ। यहाँ नङ्गेलीको आवाज छैन तर यसले जातीय र लैङ्गिक हिंसाको लुप्त इतिहास र समरूप वर्तमानको बर्बरताको पनि पर्दाफास गर्दछ (दमाई, २०७७, पृ. ९९) । यसले एकातर्फ वर्तमान समय अलिखित क्रूर इतिहासकै निरन्तरता भएको तर्क प्रस्तुत गरेको छ भने अर्कातर्फ ती अपरिचित परिघटना र सन्दर्भसँग वर्तमानलाई जोडिदिएर विगत र वर्तमानबिचका अन्तर्सम्बन्ध र निरन्तरताका कारणका साथै यसको निषेधका सन्दर्भमा खुला र आलोचनात्मक बहसको बाटो पनि खोलिदिएको छ।

समग्रमा *प्रिय मौनता* कवितासङ्ग्रहका कविताहरुमा अन्तर्पाठहरूको अवस्थितिले यी कविताहरुको परिधिको सीमालाई विश्वव्यापी तुल्याउनुका साथै भाषा र शैलीका माध्यमबाट वर्तमानलाई पूर्वसमाज, चिन्तन, संस्कृति र सभ्यतासन्दर्भसँग जोडिदिएको छ। वर्णन र व्याख्यात्मक स्वरूपका साथै सूत्रात्मक रूपमा अनुभूतिलाई गहन बनाउन कवितामा आएका यी पाठहरूका संशोधित, परिवर्धित र पुनर्लिखित अवस्थितिले यी कविता विशिष्ट र पृथक् पहिचानसहित उभिएका छन्।

## निष्कर्ष

प्रिय मौनता कवितासङ्ग्रहमा प्रयोग भएका अन्तर्पाठहरूले यी कविताहरुको मूल अर्थलाई बढी सामान्यीकृत बनाउन, गूढ अर्थलाई बाहिर ल्याउन र कविताका सौन्दर्यात्मक, ऐतिहासिक र अनुभूतिगत आयामलाई फराकिलो तुल्याउन मद्दत पुऱ्याएका छन्। यी कविताहरुमा स्वच्छन्दतावादी कविका रूपमा प्रकृति, जीवन र प्रेमका विषयलाई एकान्वित गरिएको छ र स्वतन्त्रताका पक्षमा दृढ आवाज उठाइएका छन् भने विद्रोही कविका रूपमा सामाजिक विसङ्गति र अव्यवस्थाप्रति आलोचना पनि गरिएको छ। यी कविताहरुमा आएका पूर्वपाठले कविताहरूलाई बहुअर्थप्रदायक, तरल,

मर्मस्पर्शी, आवेगमय, गहन र सार्वभौम तुल्याएका छन् । यी कविताहरुमा प्रेम नै धर्तीलाई उज्यालो र नैतिकवान् बनाउने वास्तविक आधार भएको र यसबाट नै सभ्य र सुन्दर समाज निर्माण गर्न सकिन्छ भन्ने चिन्तनलाई प्रभावकारी अभिव्यक्ति दिइएको छ । सामाजिक विभेद र विसङ्गतिको आलोचना र विरोधको सशक्त प्रस्तुति गर्न पूर्वपाठमा प्रस्तुत भएका विषय, भाव र विचारलाई ग्रहण गर्नाका साथै तिनीहरूको विस्तृतीकरण, पुनर्सिर्जन र पुनर्लेखन पनि गरिएको छ ।

## सन्दर्भ सामग्री सूची


एटम, नेत्र (२०७७), *प्रिय मौनता,* शिखा बुक्स ।

गौतम, कृष्ण (२०७६), समालोचनामा अन्तर्पाठीयताको अवधारणा, *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (दो.सं), राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.), रत्न पुस्तक भण्डार ।

जिब्रान, खलिल/ Khlil, G. (1923). *The prophet*. Alfred A. Knopf.

जेन्जिन, मेम्लुड / Zengin, M. (2016). *An introduction to intertextuality as a literary theory: Definitions, axioms and the originators.* https://www.researchgate.net/publication/312035152. *Pamukkale University Jornal of Social Science Institute* (50): 299-327, doi : 10.5505/pausbed.2016.96729.

दमाई, पुष्प (२०७७), *प्रिय मौनता* (भूमिका), शिखा बुक्स ।

नेरुदा, पाब्लो/ Neruda, P. (1952 ). *If you forget me*. https://allpoetry.com/if-you-forget-me.

बजरमान, चार्ल्स/Bazerman, C. (2003). Intertextualities : How to text rely on other text. *What writing does and how it does it: An introduction to analyzing texts and textual practices.* Charles Bazerman and Paul Prior ( Ed.) (pp. 83-95). Routledge.

इसरथ, के. एम मोहम्मद/ Eshreteh, K.M. M. (2019). An analysis of intertextuality in William Blake's companion poems: The Lamb and The Tiger, *University of Sharjah Journal for Humanities & Social Sciences*,Volume16, No. 2 (B) https//:doi.org/10.36394/jhss/16/2B/5

हार्बर, एडोल्फ, Harber, A. (2007). Intertextuality in theory and practice. *Literatura,* 49(5): 54-67, doi: 10. 15388/ litera. 2007. 5. 7934.

होली, बि / Holy, B. (2008). *Intertextuality and allusion in dead man.* Masaryk University.